## लक्ष्य

यस नागरिक गुनासो प्राधिकरण (Citizen Complaint Authority - CCA) ले सिन्सिनाटी प्रहरी अधिकारीहरूद्वारा गरिने गम्भीर हस्तक्षेप एवं कारवाहीहरूको अनुसन्धान गर्दछ। CCA ले सम्पूर्ण नागरिकका गुनासो एवं उजुरीहरूलाई निष्पक्ष र प्रभावकारी तवरले समाधान गर्दछ।

## उद्देश्य

CAA एउटा स्वतन्त्र नागरिक निरीक्षण एजेन्सी हो जसले सिन्सिनाटी प्रहरी अधिकारीहरूको विरुद्ध परेका गम्भीर दुर्व्यवहारका आरोपहरूको अनुसन्धान गर्दछ। सहयोगी सम्झौता (CA) र सम्झौता पत्र (MOA) ले CCA को भूमिका र CCA ले अनुसन्धान गर्ने आरोपहरूका किसिमलाई परिभाषित गर्दछन्। यदि सो आरोप CCA को कार्यक्षेत्रमा परेन भने यसलाई आन्तरिक पुनरावलोकनको लागि सिन्सिनाटी प्रहरी विभाग (CPD) मा वा नागरिक गुनासो समाधान प्रक्रिया (CCRP) मा पठाइने छ। CCRP उजुरीकर्ता, उत्तरदाता अधिकारी र अधिकारीका सुपरभाइजर संलग्न रहेको एउटा मध्यस्थता प्रक्रिया हो।

CCA ले अनुसन्धान गर्ने आरोपका किसिमहरू यस प्रकार छन्:

- हिरासतमा हुने मृत्यु
- बन्दुक/टेजर जस्ता हतियारको प्रयोग
- भेदभाव
- अत्यधिक बल प्रयोग
- अनुचित खानतलाशी/धरपकट/प्रवेश
- अनुचित रुपमा बन्दुक जस्ता हतियार ताक्ने/देखाउने

## ऐतिहासिक पृष्ठभूमि

एक जना निहत्था अश्वेत पुरुषको CPD अधिकारीद्वारा गोली हानी हत्या भएपछि सिन्सिनाटी क्षेत्रमा सन 2001 अप्रिल 9 देखि 13 मा नागरिक अस्तव्यस्तताको शृंखलाहरू देखिए। परिणामस्वरूप आएका मुद्दाहरूले समुदायमा प्रहरी सेवा सुधार गर्न, सामुदायिक समस्यामुखी प्रहरी सेवा कार्यान्वयन गर्न र बलको प्रयोग सम्बन्धी मार्गदर्शन प्रयोग संशोधन गर्नको लागि CA र MOA लाई अभ्यासमा ल्याए।

CCA 2002 मा अनुमोदित CA र MOA को मुख्य परिणाम थियो। CCA नागरिकहरूको गुनासो एवं उजुरीहरूको लागि स्वतन्त्र र निस्पक्ष फोरमको रुपमा अनुसन्धानात्मक र प्रशासनिक प्राधिकरणसहित स्थापित भएको थियो।

## अनुसन्धान प्रक्रिया

CCA ले इमेल, यसकै आफ्नो वेबसाइट, टेलिफोन, फ्याक्सिमिली मार्फत वा CCA कार्यालयमै आएर उजुरीहरू प्राप्त गर्दछ। CCA ले आफ्ना सामुदायिक साझेदार स्थानहरूमा उजुरी फारामहरू पनि राख्दछ।



CCA का अनुसन्धान कर्मचारीहरूले अन्तर्वार्ता लिने पक्ष र साक्षीहरूलाई समावेश गरेर, लागु हुने कानून, नियम, नीति, प्रक्रियाहरूको व्याख्या गरेर र निष्कर्षमा पुग्नको लागि सबै सूचनाहरूको विश्लेषण गरेर उजुरीको उद्देश्यपूर्ण र मिहिन ढंगले अध्ययन गर्नेछन्। सम्पन्न भएपछि निर्देशकले अनुसन्धानको प्रतिवेदन CCA को बोर्डलाई बुझाउने छन्। उक्त बोर्डले CCA का मामिलाहरूलाई पुन: अनुसन्धान गर्दैन, यसले प्रत्येक मुद्दालाई पूर्णताको रुपमा लिएर समीक्षा गर्दछ। बिदा बाहेकका दिनमा साधारणतया बोर्डको बैठक प्रत्येक महिनाको पहिलो सोमबार बेलुकी 5 बजे परिषद् च्याम्बर्समा बस्दछ। कृपया बोर्डको समयतालिका एकिन गर्नको लागि कार्यालयमा फोन गर्नुहोस्। CCA बोर्ड बैठकमा प्रहरीको उपस्थितिको स्वागत गरिन्छ। बोर्डका सम्पूर्ण बैठकहरू CitiCable मा पनि हेर्न सकिन्छन्।

उजुरीकर्ता, संलग्न अधिकारीहरू र साक्षीहरूलाई बोर्ड बैठकको बारेमा जानकारी गराइन्छ र सहभागि हुन प्रोत्साहन गरिन्छ। बोर्डको पुनरावलोकन सम्पन्न भएपछि CCA ले सिटि म्यानेजरलाई पत्ता लागेका तथ्यहरू पठाउने छ। सिटि म्यानेजरले अन्तिम निर्णय गर्दछन् जसलाई अपिल गर्न मिल्दैन।

## वक्ता अनुरोध गर्नुहोस्

CCA ले समुदायलाई हाम्रो एजेन्सीले प्रदान गर्ने सेवा र CPD को विरुद्ध परेका उजुरी र गुनासोहरूमा हामी मानिसहरूलाई कसरी सहयोग गर्न सक्छौं भन्ने बारेमा बुझाउन मद्दत गर्न गर्दछ। यदि तपाईं एवं तपाईंको समुदाय वा व्यापार समूहलाई CCA को बारेमा विस्तृत जानकारी चाहिएको छ भने हामी तपाईंले हाम्रो संस्थामा सम्पर्क गर्न सक्नुहुन्छ।

तपाईंको अर्को बैठकमा CCA कर्मचारीहरूले निम्न लगायतका विविध शिर्षकहरूमा बोल्नेछन्:

- साधारण परिचय
- ऐतिहासिक पृष्ठभूमि
- वार्षिक प्रतिवेदन विवरण
- CCA को बोर्ड
- गुनासो/उजुरी र अनुसन्धान प्रक्रिया
- CCA को तथ्याङ्कीय समीक्षा

यदि तपाईं कुनै CCA वक्तासँग भेट्न इच्छुक हुनुहुन्छ भने कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

## हामीलाई सम्पर्क गर्नुहोस्

नागरिक गुनासो प्राधिकरण
टू सेन्टिनियल प्लाजा

805 सेन्ट्रल एभ. सुइट 222
सिन्सिनाटि, ओहायो, 45202-1947

फोन: (513) 352-1600
फ्याक्सिमाइल: (513) 352-3158
इमेल:cca-complaints@cincinnati-oh.gov
वेबसाइट:http://www.cincinnati-oh.gov/ccia

citizencomplaintauthority
ccauthority






city of CINCINNATI
CITIZEN COMPLAINT AUTHORITY

CCA... प्राप्तयोग्य निष्ठा, व्यावसायिकता उच्चतम्, जवाफदेहिताको प्रबर्द्धन गर्दै।

# नागरिक गुनासो/उजुरी फाराम

यस फारामका सबै खण्डका विवरण प्रिन्ट गर्नुहोस् र नागरिक गुनासो प्राधिकरण विभागमा बुझाउनुहोस्

## घटना विवरण

घटना घटेको मिति*________________ घटना घटेको समय________________ AM ☐ PM ☐

घटना घटेको स्थान*________________ छिमेकमा भएको________________

अवस्था (जस्तै: ट्राफिक विसौनी, खोजी, पैदलयात्रीको बिसौनी, सञ्चार आदि)________________

घटना*________________

चोटपटक लागेको थियो थियो ☐ थिएन ☐ चोटपटकको विवरण________________

के तपाईंलाई आरोप लगाइएको थियो? थियो ☐ थिएन ☐ हो भने कृपया सूचीबद्ध गर्नुहोस्________________

## अधिकारीको विवरण

अधिकारीको नाम (हरू):________________

ब्याज नम्बर (हरू)________________ दर्जा________________ कार नम्बर (हरू)________________

## तपाईंको विवरण

नाम________________

पत्राचार गर्ने ठेगाना________________

घर नम्बर________________ मोबाइल नम्बर________________ काममा हुँदाको नम्बर________________

इमेल ठेगाना________________

जन्म मिति________________ जाति________________ लिङ्ग________________

## साक्षीको विवरण

साक्षी 1 नाम________________

पत्राचार गर्ने ठेगाना________________

घर नम्बर________________ मोबाइल नम्बर________________ काममा हुँदाको नम्बर________________

इमेल ठेगाना________________

साक्षी 2 नाम________________ साक्षी 3 नाम________________

*आवश्यक पर्ने

**यस कथनमा प्रदान गरिएको जानकारी मैले जानेसम्म सही र सत्य छ। मलाई CCA कार्यालयमा उपस्थित हुन लगाइन सक्छ भन्ने मैले बुझेको छु।**

________________

**हस्ताक्षर:**

________________

**मिति**

**कार्यालय प्रयोजनको लागि मात्र:**

**प्राप्त गरिएको मिति:** **प्राप्त गर्ने:**

city of CINCINNATI CITIZEN COMPLAINT AUTHORITY